# सत्यवती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ्ग, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल


प. सं.: २०८१/०८२
च. नं.: ११५५

मितिः २०८२/०१/०४

विषयः रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना ।

श्री जो जससँग सम्बन्धित छ ।

गुल्मी जिल्ला सत्यवती गाउँपालिका अन्तर्गत श्री ग्रामविकास आधारभूत विद्यालय, सत्यवती-५, हँसरा, गुल्मीमा रिक्त रहेको प्राथमिक तह तृतीय श्रेणीको स्थायी शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडि बढाइदिन भनी विद्यालयको च.नं. २० मिति २०८२/०१/०४ को पत्रबाट अनुरोध भई आएकोले सम्वन्धित तहका योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र शिक्षा नियमावलीको अनुसूची-१७ बमोजिमको ढाँचामा सम्वन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्वन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवा सम्बन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्वन्धित सबैको जानकारी लागि यो सूचना प्रकाशन गरिएको छ ।

पुनश्चः

१. तोकिएको म्यादभित्र विद्यालयको इमेल ठेगाना grambikas9876@gmail.com मार्फत समेत निवेदन पेस गर्न सकिनेछ ।
२. म्याद नाघी वा तोकीए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारवाही हुने छैन ।

**बोधार्थः**

श्री शिक्षा विकास तथा समन्वय इकाइ, गुल्मी
श्री ग्रामविकास आधारभूत विद्यालय, सत्यवती-५, हँसरा- गुल्मी

२०८२/१/४

कमल प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत